म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

सम्वृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २९४ २०८१ भदौ ३१ गते सोमबार 16 September 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## २२३ किलो गाँजासहित २ जना पक्राउ

हेटौँडाः ठूलो परिमाणमा लागुऔषध गाँजासहित २ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। आइतबार बिहान ५ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चौकीमा प्रहरीको नियमित सुरक्षाजाँचको क्रममा दुई सय २३ केजी लागुऔषध गाँजासहित प्रहरीले २ जनालाई पक्राउ गरेको जनाएको छ। हेटौँडाबाट पथलैयातर्फ जाँदै गरेको बा २१ च ५२२६ नम्बरको पिकअप गाडीबाट प्रहरीले गाँजा बरामद गरेको हो। प्रहरीले गाँजासँगै धादिङ जिल्लाको थाक्रे गाउँपालिका-४ का ३४ वर्षीय जीवन मगर र थाक्रे-६ का ३० वर्षीय प्रदिप क्षेत्रीलाई पक्राउ गरेको छ। मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद लिएर पक्राउ परेका जीवन र प्रदिपलाई हिरासतमै राखेर अनुसन्धान गर्ने अनुमति पाएको प्रहरीले जनाएको छ। ईलाका प्रहरी कार्यालय पशुपतिनगरमा हालै प्रहरी निरीक्षकको सरुवा भएको हो।

# अग्रगामी काम हुने गरी मात्र संविधान संशोधन हुन्छः महामन्त्री शर्मा

**समाज संवाददाता**

हेटौँडाः नेपाली काँग्रेसका महामन्त्री विश्व प्रकाश शर्माले अग्रगामी काम हुने गरी मात्र संविधान संशोधन हुने बताउनुभएको छ। आइतबार पार्टीले हेटौँडामा आयोजना गरेको अभिमुखीकरणमा बोल्नुहुँदै महामन्त्री शर्माले विभिन्न पाटोबाट संविधान संशोधन गर्न सकिने बताउनुभयो।

अहिले देशमा संविधान संशोधनको विषय आइरहेको र यसमा विभिन्न पाटो रहेको उहाँले बताउनुभयो। के कुरा नयाँ लेख्यो भने संविधान अझै आकर्षक, लोकप्रिय र मुलुकमा स्थिर सरकार दिन सक्छ त्यसलाई ध्यानमा राखेर मात्र संविधान संशोधन गनुपर्ने उहाँले बताउनुभयो। संविधान संशोधन गरेर समावेशी सहभागिता हटाइन्छ भन्ने माओवादी केन्द्रको आरोपबारे भ्रममा नपर्न महामन्त्री शर्माले आग्रह गर्नुभयो। समावेशी सहभागिताको जग काँग्रेसले नै बसालेको महामन्त्री शर्माको भनाई छ।

उहाँले देशमा दुई पटकभन्दा बढी राष्ट्रपति बन्न नपाउने, तीन पटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था



संविधानमा उल्लेख गरी हालको व्यवस्थालाई परिमार्जन गर्नुपर्ने बताउनुभयो। सरकारले पूरा कार्यकाल काम गर्न सक्ने व्यवस्था बनाउनुपर्ने उहाँको भनाई छ। संविधानमा कुनै पनि दल निर्वाचनमा गइसकेपछि दोस्रो, तेस्रो र बाँकी दलहरु सरकारमा नजाने र लोकप्रिय मतसहित बहुमत ल्याउने पहिलो दलले नै सरकारको नेतृत्व गर्न पाउने व्यवस्था स्पष्ट लेख्नुपर्ने उहाँको धारणा छ।

महामन्त्री शर्माले चौथो दल नैतिक रुपमा सरकारमा जान नहुने बताउनुभएको छ। आफ्नो पार्टी सरकारमा हुँदा आफ्नो पालो भएपनि गगन थापा र आफु सरकारमा नगएको प्रसंग उठाउनुहुँदै उहाँले रास्वपा सभापति रवि लामिछाने लक्षित अभिव्यक्ति दिनुभएको हो। उहाँले पहिलो पटक जितेर आएको नयाँ दलले संसद छिर्ने बितिक्कै गृहमन्त्री नै चाहिन्छ भन्दै बार्गेनिङ गरेको आरोप पनि लगाउनुभयो। उहाँले आफुहरु (गगन, विश्व) पनि एउटै उमेर समूहको भएको उल्लेख गर्दै मितिका आधारमा खोलिएका नयाँ दलले भन्दा प्रवृत्ति र संस्कारमा नयाँपन भएमा रुपान्तरण हुने धारणा व्यक्त गर्नुभयो।

सभापतिलाई सहकारी ठगीको आरोप लाग्दा रास्वपाका पदाधिकारीहरुले आफ्नो सभापतिको छानबिन गर्न अवरोध गरेको र आफुले काँग्रेस उपसभापति धनराज गुरुङलाई आरोप लाग्दा गहिरो रुपमा छानबिन गर्नुपर्ने आवाज उठाएको पनि बताउनुभयो। उहाँले देशमा रुपान्तरणको आवश्यक रहेको भन्दै यसको जिम्मा काँग्रेसले लिनुपर्ने बताउनुभयो। सामाजिक विसंगति अन्त्य गर्न जनप्रतिनिधिले महत्वपूर्ण भूमिका हुने भन्नुहुँदै उहाँले पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुलाई नागरिकको मन जित्ने गरी काम गर्न आग्रह गर्नुभयो।

## भीमफेदीबाट ७ जना बालश्रमिकको उद्धार

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको भीमफेदी गाउँपालिकाबाट ७ जना बालश्रमिकहरुलाई उद्धार गरिएको छ। आइतबार भीमफेदी गाउँपालिकाको संयोजन, बागमती प्रदेशको श्रम तथा रोजगार कार्यालय, बालहेल्पलाइन र छोराछोरी नेपालको संयुक्त समन्वयमा खटिएको टोलीले ७ जना बालश्रमिकलाई उद्धार गरेको हो।

उनीहरुलाई वडा नम्बर ६ स्थित फरक-फरक होटलबाट उद्धार गरिएको बालहेल्पलाइन मकवानपुरका कार्यक्रम संयोजक झविन्द्र ज्ञवालीले जानकारी दिनुभयो। उद्धार हुनेहरुमा मनहरी-४ का एक जना १६ वर्षीय र दुई जना १५ वर्षीय बालक रहेका छन्। यस्तै, राक्सिराङ गाउँपालिकाका १४ वर्षीय बालक, कैलाश गाउँपालिका-७ की १४ वर्षीया बालिका र भीमफेदी-६ का १३ र १४ वर्षका बालक रहेका छन्।

उद्धार गरिएका ७ जना बालश्रमिक बालहेल्पलाइनको संरक्षणमा रहेका छन्। श्रम कार्यालयले उक्त होटलहरुलाई ७ दिनभित्र कागजातसहित उपस्थित हुन भनेको छ भने कारबाही प्रक्रिया अगाडि बढाइने जनाएको छ। अनुगमनमा भीमफेदी-९ का वडाध्यक्ष प्रकाश पुडासैनी, महिला बालबालिका शाखाकी प्रमुख विमला बर्तौला, श्रम कार्यालयका प्रमुख छन्दनारायण श्रेष्ठ र छोराछोरी नेपालकी निर्देशक शैलजा सिएमलगायतको उपस्थिति रहेको थियो।

## रेफ्री कुट्ने खेलाडीलाई फुटबल संघको कारबाही

**समाज संवाददाता**

हेटौँडाः मकवानपुर जिल्ला फुटबल संघले रेफ्रीलाई कुटपिट गर्ने ८ जना खेलाडीलाई कारबाही गरेको छ। जिल्ला फुटबल संघको आयोजनामा सञ्चालन भइरहेको मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता अन्तर्गत शुक्रबार एफसी मल्टिभिजन र एफसी नामटारबीचको खेलको क्रममा रेफ्रीलाई कुटपिट गरेर अभद्र व्यवहार गर्ने एफसी नामटारका खेलाडीलाई फुटबल संघले कारबाही गरेको हो।

प्रतियोगिता सञ्चालनको क्रममा प्लेयर बक्समा बल आउट गएको कारणले रेफ्री विक्रम राईले मल्टिभिजनलाई थ्रो दिँदा नामटारका ८ जना खेलाडीले रेफ्रीमाथि कुटपिट गरेका थिए। रेफ्री राई माथि कुटपिट गर्ने खेलाडीलाई कारबाही गर्न माग गर्दै रेफ्रीहरुले संघलाई निवेदन दिएका थिए। संघले क्लबलाई पनि १० हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ।

रेफ्रीलाई कुटपिट गर्ने एफसी नामटारका क्याप्टेन समीर बर्तौलासहित अर्का खेलाडी सञ्जीव भोम्जनलाई ३ वर्षका प्रतिवन्ध गर्ने निर्णय गरिएको छ। विशाल वाईबा र सूर्य थिङलाई २ वर्ष प्रतिवन्ध लगाउने निर्णय गरेको छ। यस्तै मञ्जिल मोक्तान, शंकर स्याङ्तान र अमीर मोक्तानलाई भने जारी लिगको समूह चरणको २ खेलमा प्रतिवन्ध लगाउने निर्णय गरिएको मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामाले बताउनुभयो। खेलाडीको कुटपिटबाट रेफ्री बिक्रम राई सामान्य घाइते हुनुभएको छ।

## पेट्रोलियम पदार्थको भाउ घट्यो

**समाज संवाददाता**

हेटौँडाः नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ। इण्डियन आयल कर्पोरेसनबाट आइतबार प्राप्त नयाँ खरिद मूल्यअनुसार आयल निगमले आइतबार राति १२ बजेदेखि लागू हुने गरी मूल्य समायोजन गरेको हो।

निगमले निकालेको विज्ञप्तिअनुसार पेट्रोलमा प्रतिलिटर ४ र डिजेल/मट्टितेलमा ५/५ रुपैयाँले मूल्य घटेको छ। नयाँ खरिद मूल्य प्राप्त भएपछि निगमको आइतबारै बसेको सञ्चालक परिषद् बैठकले भाउ घटाउने निर्णय गरेको हो। निगमको डिपो कार्यालयबाट १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य कायम गरिएको पनि निगमले जनाएको छ। निगमले विभिन्न जिल्लालाई तीन वर्गमा विभाजन गरी त्यसै अनुसार मूल्य निर्धारण गरेको छ।

मकवानपुर जिल्लामा अब पेट्रोलको प्रतिलिटर एक सय ५६ रुपैयाँ ५० पैसा, डिजेल र मट्टितेल प्रतिलिटर एक सय ४६ रुपैयाँ ५० पैसामा उपभोक्ताले खरिद गर्न पाउनेछन्।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...



असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौँडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं।

हेटौँडा-काठमाडौं-हेटौँडा
हेटौँडा-बीरगन्ज-हेटौँडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला।

१५ पटकको यात्रापछि एउटा टिकट निशुल्क।

अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र।
हेटौँडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे।

भेष खड्गी, सञ्चालक

हाम्रो ईभी सेवा

हेटौँडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौँडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौँडा
०५७-५९१०४०

हार्दिक बधाई



मेरो आदरणीय दाजु **राजेश नगरकोटी** हालै सम्पन्न **राष्ट्रिय युवा संघ नेपाल मकवानपुर जिल्ला कमिटीको दशौं अधिवेशन**बाट सर्वसम्मत अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

विवेक आनन्द न्यौपाने
हेटौँडा शाखा प्रबन्धक
वेभ सर्फर नेपाल कम्युनिकेशन सिस्टम प्रालि

## सम्पादकीय

# अतिक्रमण हटाउने चुनौती

सार्वजनिक जग्गा अतिक्रमण हटाउने कार्य चुनौतीपूर्ण बनिरहेको छ । देशभर नै सार्वजनिक जग्गा, वन क्षेत्र, खोला नदीको तटीय क्षेत्र अतिक्रमण गर्ने क्रम बढ्दै गएको छ । भूमिहीन सुकुम्बासी तथा अन्य बहानामा व्यक्तिले सार्वजनिक जग्गा अतिक्रमण गर्ने गरेका छन् । सार्वजनिक जग्गा अतिक्रमण गर्नेमा स्थानीय तह पनि उत्तिकै सक्रिय देखिएका छन् । संघीयता कार्यान्वयनमा आएसँगै स्थानीय तह पनि सार्वजनिक जग्गा अतिक्रमण गरेर उपयोग गर्न अग्रसर भएका हुन् । स्थानीय तहहरुले आफ्नो प्रशासनिक तथा अन्य भवन निर्माण तथा खेलकुदसहित अन्य पूर्वाधार निर्माणका लागि वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने गरेको पाइएको छ । पछिल्लो ६ वर्षमा बागमती प्रदेशका सामुदायिक, कबुलियति र धार्मिक वन क्षेत्रको १२ हजार ९४६ हेक्टर जग्गा अतिक्रमित भएको प्रदेशको वन तथा वातारण मन्त्रालयको तथ्यांक छ ।

बागमती प्रदेशमा कुल क्षेत्रफलको ५३.७३ प्रतिशत वन क्षेत्र रहेको छ । प्रदेशमा ४ हजार ५३४ वटा सामुदायिक वन, ३ हजार ३३६ कबुलियति वन, ४९ वटा धार्मिक वन र ६७३ वटा निजी वन रहेका छन् । मानवीय क्रियाकलापका कारण ती वन क्षेत्र अतिक्रमण भएको मन्त्रालयको भनाइ छ । प्रदेशको १३ जिल्लामध्ये सिन्धुलीमा सबैभन्दा बढी ६ हजार ४०४ हेक्टर वन क्षेत्र अतिक्रमण भएको छ । सिन्धुलीपछि प्रदेश राजधानीसमेत रहेको मकवानपुरमा ३ हजार ५ सय ५६ हेक्टर वन क्षेत्र अतिक्रमित भएको छ । यस्तै, चितवनमा एक हजार ६८८, धादिङमा २४६, रसुवामा ३६ र नुवाकोटमा ९३ हेक्टर वन क्षेत्र अतिक्रमण गरिएको छ । काठमाडौंमा १३, ललितपुरमा ३०, काभ्रेमा २५८, सिन्धुपाल्चोकमा ७९, रामेछापमा ४९५ र दोलखामा ४५ हेक्टर वन क्षेत्र अतिक्रमण गरिएको छ । अतिक्रमितमध्ये ४२ हेक्टर क्षेत्रफल जमिनलाई पुन: वन क्षेत्र कायम गरिएको छ । गत आर्थिक वर्ष २०८०/०८१ मा दोलखा, चितवन, काठमाडौं, ललितपुर, भक्तपुर र मकवानपुरका अतिक्रमित ४२ हेक्टर जमिन वन क्षेत्र कायम गरिएको हो ।

वन तथा वातावरण मन्त्रालयले अतिक्रमित जमिनमा वृक्षरोपण गरेर पुन: वन क्षेत्र कायम गर्ने प्रयासले सार्थकता पाउन सकेको छैन । अतिक्रमणमा परेको वन क्षेत्रको एक चौथाईमा पनि वृक्षरोपण गर्न सकेको छैन । मन्त्रालय, विभिन्न कार्यालय तथा संघसंस्थाबाट वन क्षेत्र अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि वृक्षरोपण गर्ने गरेको भए पनि अतिक्रमणमा परेको मध्ये २३ प्रतिशत जमिनमा वृक्षरोपण गरिएको छ । साथै, मन्त्रालयले विभिन्न खोला, पहिरो तथा गल्छी संरक्षण तथा नियन्त्रणको काम पनि गर्दै आएको छ । ६ वर्षको अवधिमा मन्त्रालयले झण्डै ४ हजार खोला, पहिरो तथा गल्छी नियन्त्रण गरेको छ ।

देशमा अहिले ४० प्रतिशतभन्दा बढी क्षेत्रफल वन क्षेत्रले ओगटेको छ । ऊर्जा, निर्माण सामग्री, पशु आहार, उपभोग्य सामग्री, कच्चापदार्थ, जडिबुटीलगायतका स्रोतको रुपमा रहेको वनजंगल पर्यावरणीय सन्तुलनका हिसाबले पनि महत्वपूर्ण छ । मुलुकमा रहेको राजनीतिक अस्थिरता, मुक्त कमैया, सुकुम्बासी, भूमीहिन, प्रकोप पीडित, बसाइसराई आदिका कारण वन क्षेत्रको अतिक्रमण तिब्र बनिरहेको छ । सरकारी कार्यालय, विद्यालय, क्याम्पस, अस्पताल, खेलमैदान, जलविद्युत्, सिँचाइ, सडकजस्ता विकास निर्माण र खनिज उत्खननका लागि समेत वनक्षेत्र नै प्रयोग हुँदै आएको छ । फलस्वरुप मरुभूमिकरण, जैविक विविधताको ह्रास, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको पीडा भोग्नु परिरहेको छ । वन क्षेत्र तथा अन्य सार्वजनिक जग्गा अतिक्रमण गर्नेलाई दण्डको व्यवस्था गरिए पनि सरकार कानुन कार्यान्वयनमा उदासिन भएकै कारण अतिक्रमण हटाउन चुनौती बनेको हो । वन जोगाउन सचेत बनाउँदै त्यसको लाभ सबैले लिनसक्ने व्यवस्था भएमा वन क्षेत्रको अतिक्रमण कम गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्मविश्वासले काम गर्दा राम्रो रहने समय योग छ ।
**वृष** : धेरै अभिलाषाले नोक्सानी बेहोर्नु पर्ने समय छ ।
**मिथुन** : आन्तरिक तिर्सनाको परिपूर्ति हुने समय योग छ ।
**कर्कट** : प्रतिद्वन्द्वीहरु आफैं नवमस्तक बन्ने योग छ ।
**सिंह** : नयाँ प्रविधिको जानकारी प्राप्त हुने समय छ ।
**कन्या** : आफन्तको व्यवहारले मन विचलित हुने छ ।
**तुला** : धार्मिक कामबाट सरिक भइने समय योग छ ।
**वृश्चिक** : सामाजिक कामबाट प्रतिष्ठा र सम्मान प्राप्त ।
**धनु** : बौद्धिक क्षेत्रका काममा सरिक र लाभ प्राप्त ।
**मकर** : नियमित र व्यवहारिक खर्च बढ्न सक्ने छ ।
**कुम्भ** : अरुको कामका लागि समय समय व्यतित होला ।
**मीन** : व्यक्तित्व विकासका काममा सरिक भइने छ ।

# सपार्न नसकिएको नेपालको कृषि



✍पदम भण्डारी




कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो, जसले रोजगारी र कुल गार्हस्थ्य उत्पादन (जिडिपी) दुवैमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । ८० प्रतिशतभन्दा बढी जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने देशमा कृषिक्षेत्र आर्थिक गतिविधि मात्र नभई जीवन जिउने तरिका पनि हो । कृषिको भूमिका महत्वपूर्ण हुँदाहुँदै पनि यस क्षेत्रले धेरै चुनौतीको सामना गर्नुपरेको छ, जसले कृषिको अपार सम्भावनालाई बाधा पुऱ्याइरहेको छ। यी चुनौतीहरूमा न्यून उत्पादकत्व, आधुनिक कृषि अभ्यासमा सीमित पहुँच, अपर्याप्त पूर्वाधार र जलवायु परिवर्तनको जोखिम समावेश छन् । सरकारले कृषिक्षेत्रलाई बढावा दिन, खाद्य सुरक्षा सुनिश्चित गर्न र लाखौं साना किसानको जीविकोपार्जनमा वृद्धि गर्न विभिन्न शीर्षकमा कृषि अनुदान उपलब्ध गराइरहेको छ ।

नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषिले करिब २५ प्रतिशत योगदान पुऱ्याउँछ र करिब ६० प्रतिशत जनसंख्यालाई रोजगारी दिएको छ। यो क्षेत्र साना किसान (जसको औसत जग्गाको आकार १ हेक्टर भन्दा कम भएका समूहहरूको बाहुल्यता छ) को हो । यी साना किसानले आफ्नो पेसा सञ्चालनमा सामान्यतया परम्परागत खेती प्रणाली अपनाइरहेका छन् । तिनीहरूले जहिले पनि गुणस्तरीय बीउ, मल र सिँचाइ सुविधाजस्ता कृषि सामग्रीहरुमा पहुँचको अवरोध सामना गरिरहेका छन् । नेपालको कृषिक्षेत्रले धेरै चुनौतीको सामना गरिरहेको छ ।

नेपालको बाली उत्पादन दक्षिण एसियामा सबैभन्दा कम हो । उदाहरणका लागि भारत र चीनजस्ता छिमेकी देशहरुमा प्रतिहेक्टर धानको औसत उत्पादन ६ टनभन्दा बढी छ भने नेपालको सन्दर्भमा धानको औसत उत्पादन ३.५ टन प्रतिहेक्टर छ। उत्पादकत्वको यो अन्तर पुरानो खेती प्रविधि, अपर्याप्त माटो व्यवस्थापन र गुणस्तरीय कृषि सामग्रीहरुमा सीमित पहुँचको परिणाम हो । त्यसैगरी प्रविधिमा सीमित पहुँच जस्तै यान्त्रिकीकरण र सुधारिएको सिँचाइ प्रणालीलगायत आधुनिक प्रविधिको प्रयोगको कमीले गर्दा कृषिक्षेत्रले प्रगति गर्न सकेको छैन। नेपाल कृषि जनगणनाअनुसार १० प्रतिशतभन्दा कम कृषकले ट्याक्टर वा अन्य मेसिनरी प्रयोग गर्छन् र २८ प्रतिशत किसानको मात्र सिँचाइमा पहुँच छ। प्रविधि अपनाउने सवालमा धेरै समस्या छन्, जसको अभावले उत्पादकत्व सुधार र वातावरणीय अनुकूलनमा बाधा पुऱ्याइरहेको छ ।

नेपालले जलवायु परिवर्तनको जोखिम बेहोरिरहेको छ। नेपालको विविध भूगोल र सूक्ष्म जलवायुले कृषिलाई जलवायु परिवर्तनका लागि अति संवेदनशील बनाएको छ। वर्षाको ढाँचामा परिवर्तन, बढ्दो तापक्रम एवं बाढी र खडेरीजस्ता चरम मौसमी घटनाको बढ्दो आवृत्तिले बाली उत्पादन र खाद्य सुरक्षालाई असर गरिरहेको छ । त्यस्तै अपर्याप्त पूर्वाधार जस्तै सडक, भण्डारण सुविधा र बजार पहुँचलगायत कमजोर पूर्वाधारले कृषि विकासलाई थप बाधा पुऱ्याइरहेको छ । कृषकले अक्सर उत्पादनलाई बजारमा ढुवानी गर्न कठिनाइको सामना गरिरहेका छन्, जसले गर्दा फसल भित्र्याएपछिको नोक्सानी धेरै हुने गरेको छ, जसले आम्दानीमा कमी आउँछ। त्यसैगरी नेपालमा जमिनको सानो र खण्डित प्रकृतिले आधुनिक खेती प्रविधिको कार्यान्वयन र कुशल स्रोतको प्रयोगलाई जटिल बनाएको छ । यो खण्डीकरणले किसानलाई असल कृषि अभ्यासको अनुकूलन गर्नबाट रोकिरहेको छ ।

यी चुनौतीहरूलाई सम्बोधन गर्न अत्यावश्यक सामग्रीलाई थप किफायती र पहुँचयोग्य बनाएर साना किसानलाई सहयोग गर्ने र दिगो कृषि अभ्यासलाई प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले मल, बीउ, सिँचाइ उपकरण र मेसिनरीका लागि अनुदान उपलब्ध गराउँदै आएको छ। कृषिमा उपलब्ध गराइने यो अनुदानले उत्पादन र उत्पादकत्व बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न अनुदानले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। यसले बाली उत्पादनमा सुधार, उच्च गुणस्तरको बीउ र मलहरुमा अनुदान उत्पादन बढाउनका लागि हो । उदाहरणका लागि, सरकारले हाइब्रिड बीउ र मलको लागतको ५० प्रतिशतसम्म अनुदान दिन्छ, जसले साना किसानका लागि थप पहुँचयोग्य बनाउँछ।

त्यस्तै कृषिमा अनुदान उपलब्ध गराउनाले यान्त्रिकीकरणको प्रवर्द्धन हुन्छ अर्थात् कम यान्त्रिकीकरण स्तरलाई सम्बोधन गर्न सरकारले ट्याक्टर र थ्रेसर जस्ता मेसिनरीहरूमा अनुदान दिन्छ। यो सहयोगले श्रमको बोझ घटाउने र दक्षता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। त्यसैगरी सिँचाइको महत्वलाई ध्यानमा राख्दै सरकारले साना सिँचाइ प्रणाली निर्माण गर्न र सिँचाइ उपकरण खरिद गर्न अनुदान उपलब्ध गराउँदै आएको छ। सिँचाइयोग्य जमिन विस्तार गर्न र वर्षामा आधारित कृषिमा निर्भरता घटाउन यो महत्वपूर्ण छ । दिगो कृषि अभ्यासलाई समर्थन र बढावा दिन जैविक खेती र कृषि वनजस्ता दिगो अभ्यासलाई प्रवर्द्धन गर्न सरकारले उपलब्ध गराउने अनुदानहरु निर्देशित हुन्छन्। यी अनुदानले वातावरणमैत्री अभ्यासलाई प्रोत्साहित गर्छ, जसले जलवायु परिवर्तनको प्रभाव कम गर्न मद्दत गर्छ ।

कृषि गणनाले सीमित व्यक्तिमा अनुदान केन्द्रित रहेको औंल्याएको छ । उनीहरूले पाएको रकम भने निकै ठूलो देखिन्छ। महालेखा परीक्षकको प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा एक खर्बभन्दा बढी रकम अनुदानमा खर्च भएको छ । पाँच वर्षअघि १२ अर्ब रुपैयाँ अनुदानमा खर्च गरेको सरकारले पाँच वर्षमा त्यो रकम आर्थिक वर्ष २०७९-८० मा ३६ अर्ब पुगेको देखिन्छ ।

कृषिमा दिइने अनुदान र बजेट विनियोजन केही प्राथमिकतासँग जोडिएको छ, जस्तै: खाद्य सुरक्षा र ग्रामीण विकासमा प्रभाव । अनुदानको अन्तिम लक्ष्य भनेको खाद्य सुरक्षा र ग्रामीण विकासलाई प्रवर्द्धन गर्नु हो ।

कृषि सामग्रीमा पहुँच र उत्पादकत्वमा सुधार गरेर, अनुदानले उच्च बाली उत्पादन, किसानको आम्दानीमा वृद्धि र खाद्यान्न उपलब्धता बढाउन सक्छ भन्ने मान्यता छ । यसले गरिबी घटाउन र ग्रामीण क्षेत्रमा जीवनस्तरमा सुधार गर्न मद्दत गर्न सक्छ । तर, अनुदानले खाद्य सुरक्षा र ग्रामीण विकासमा पर्ने असर भने जटिल छ । अनुदानले उत्पादन बढाउन सक्छ, तर तिनीहरूको प्रभावकारिता वितरण दक्षता, लाभग्राहीको लक्ष्यीकरण र व्यापकतामा निर्भर गर्छ। कृषिमा अनुदान विशेष बाली वा क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नाले असमानता सिर्जना गरेको छ र असमानता बढाएको पनि छ ।

कृषि अनुदानको प्रभावलाई अधिकतम बनाउन र कार्यान्वयनका चुनौतीहरूलाई सम्बोधन गर्न लक्ष्यीकरण र वितरणमा व्यापक सुधार गर्नुपर्छ । अनुदान लक्षित लाभग्राहीहरू, विशेष गरी साना र सीमान्त किसानसम्म पुग्ने कुरा सुनिश्चित गर्नुपर्छ। यो राम्रो लक्ष्यीकरण संयन्त्र र पारदर्शी वितरण प्रक्रियामार्फत हासिल गर्न सकिन्छ। त्यसैगरी अनुदानको अनुगमन र मूल्यांकन पक्षलाई बलियो बनाउनु जरुरी छ। अनुदान प्रभावको अनुगमन र मूल्यांकन गर्न बलियो प्रणाली स्थापना गर्नुपर्छ । अनुदानको प्रभावकारी उपयोग सुनिश्चित गर्न नियमित लेखापरीक्षण, लाभार्थी सर्वेक्षण र प्रभाव मूल्यांकन आवश्यक छ ।

त्यस्तै दिगो अभ्यासलाई बढावा दिनु जरुरी छ । बाह्य सामग्रीहरूमा निर्भरता कम गर्न दिगो कृषि अभ्यासमा जोड दिनुपर्छ। यसमा जैविक खेती, कृषि वन र पानीको सदुपयोग विधिका लागि प्रोत्साहन समावेश गर्नुपर्छ । कृषि अनुदानको प्रभावलाई अधिकतम बनाउन र कार्यान्वयनका चुनौतीलाई सम्बोधन गर्न कृषकको क्षमता अभिवृद्धि गर्नु जरुरी छ । कृषकलाई उनीहरुको सहुलियतपूर्ण सामग्रीको प्रयोगमा सुधार गर्न र आधुनिक अभ्यास अपनाउन तालिम र विस्तार सेवा प्रदान गर्नुपर्छ। क्षमता विकास कार्यक्रमहरु उत्कृष्ट अभ्यास र स्रोत व्यवस्थापनमा केन्द्रित हुनुपर्छ । त्यसैगरी कृषिमा सार्वजनिक-निजी साझेदारीलाई प्रोत्साहन दिनुपर्छ । अनुदान कार्यक्रमको दक्षता अभिवृद्धि गर्न सरकार र निजी क्षेत्रबीचको सहकार्यलाई बढावा दिनुपर्छ । सार्वजनिक-निजी साझेदारीले आपूर्ति श्रृंखला सुधार गर्न, लागत घटाउन र सामग्रीको समयमै उपलब्धतालाई सुनिश्चित गर्न मद्दत गर्छ।

कृषिलाई सपार्ने हो भने कृषिमा दिइने अनुदानलाई उत्पादनमा आधारित बनाउने, बीउ खरिद, रासायनिक मल, बीमा र यान्त्रिकीकरणमा दिइँदै आएको अनुदानबाहेकका बाँकी सबै प्रकारका कृषि अनुदानलाई उत्पादनमा आधारित बनाउने, अनुदान प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउने, नयाँ मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु जरुरी छ । वास्तविक किसान लाभान्वित भई कृषि उत्पादन बढाउन सघाउ पुग्ने विश्वासका साथ काम गर्ने वातावरण सृजना गर्न हरेक व्यक्ति, समूह वा संस्थाले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नु जरुरी छ ।

साना किसानलाई लक्षित गरी सबै स्थानीय तहमा उद्यम विकास कार्यक्रमलाई विस्तार गर्ने, वित्तीय पहुँच र उद्यमशीलताको विकासमार्फत युवा जनशक्तिलाई कृषिक्षेत्रमा अभिप्रेरित गर्ने, भूमिको चक्लाबन्दी गरी खेती गर्न प्रोत्साहित गर्ने, करार खेतीका लागि कानुनी आधार तयार गर्ने, मुलुकभर रहेको बाँझो जमिनलाई स्थानीय तहको समन्वयमा मापदण्ड बनाई करार र सामूहिक खेतीका लागि उपयोग गर्न ठोस नीति तथा कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी छ । *(स्रोत: कारोबारदैनिक)*

# कोदो पोषक तत्वको भण्डार, तर कसरी खाने ?



✍ सुमित्रा लुईटेल

कोदोलाई पोषिलो अन्न मानिन्छ । पोषक तत्वको कुरा गर्ने हो भने यसमा क्याल्सियम, कार्बोहाइड्रेट, फस्फोरस, आइरन, प्रोटिन, चिल्लो पदार्थ, थाइमिन र रेसादार वस्तु पाइन्छ ।

यसमा चामल र मकैभन्दा ३५ गुणा अनि गहुँभन्दा ८.७३ गुणा बढी क्याल्सियम पाइन्छ । यसमा मकैभन्दा ३.७ गुणा, चामलभन्दा २.३ गुणा र गहुँभन्दा १.५ गुणा बढी आइरन पाइन्छ । थोरै खाएर पनि पेट भरिने र धेरै पोषण तत्व प्राप्त गर्न सकिने बालीको रुपमा कोदोलाई लिइन्छ । खाद्यान्नको रुपमा प्रयोग गरिने कोदोको रक्सीजन्य पदार्थ पनि बनाइन्छ। यसमा सबैभन्दा ठूलो भ्रम के छ भने कोदोको रक्सी पिउँदा पनि कोदोमा पाइने पोषक तत्व पाइन्छ । तर कोदोमा जति पनि पोषक तत्व पाइन्छ। त्यसलाई प्रशोधन गरेर बनाएको रक्सीमा यो पोषक तत्व नपाइने पोषणविद् आयुष अधिकारी बताउँछन्।

'कोदो आफैंमा धेरै पोषक तत्वले भरिपूर्ण अन्न हो । यसबाट रोटी, ढिंडो र खोले जस्ता परिकार बनाएर खाँदा यसमा पाइने सम्पूर्ण पोषक तत्व पाइन्छ' अधिकारी भन्छन्, 'तर यसलाई प्रशोधन गरेर जाड रक्सी बनाइयो भने कोदोमा भएको पोषक तत्त्व कम हुन्छ ।'

संयुक्त राष्ट्र संघले सन् २०२३ लाई 'अन्तर्राष्ट्रिय कोदोजन्य बाली वर्ष' घोषणा गरेको थियो । राष्ट्र संघीय निकाय खाद्य तथा कृषि संगठनका अनुसार 'कोदोको उपयोगिताबारे जागरूकता फैलाउन र प्रत्यक्ष रुपमा नीतिगत प्रभाव पार्न' यस्तो घोषणा गरिएको हो । हिजोआज सहर बजारका ठूला-ठूला होटेल, रेस्टुरेन्टमा विभिन्न परिकार बनाएर बिक्री हुन थालेपछि पछिल्लो समय कोदोको परिचय बदलिएको छ। पोषणविद् भूपाल बानियाँका अनुसार कोदो फलाम, क्याल्सियम, म्याग्नेसियम, फस्फोरस र पोटासियम जस्ता खनिजको समृद्ध स्रोत हो। यसमा प्रशस्त मात्रामा क्याल्सियम हुन्छ । फाइबरले भरिपूर्ण कोदोमा विभिन्न भिटामिन (बिटा क्यारोटिन, नियासिन, भिटामिन बी ६, फोलिक एसिड) हुन्छ । यसमा भएको लेसितिनको उच्च मात्राले स्नायु प्रणालीलाई बलियो बनाउन सघाउँछ । कुपोषण हटाउन पनि मद्दत गर्छ ।

### अन्यभन्दा कोदोको बिस्कुट स्वस्थकर हो ?

अन्य बिस्कुटको तुलनामा कोदोको बिस्कुट स्वास्थ्यका लागि केही मात्रामा राम्रो हो । यसमा प्रोटिन र फाइबर हुन्छ । यद्यपि यसमा नुन, चिनी, ट्रान्सफ्याट भने हुन्छ । जसले भने स्वास्थ्यमा खासै राम्रो असर नगर्ने पोषणविद् बानियाँ बताउँछन् ।

'कोदोको बिस्कुटमा हुने ट्रन्सफ्याट, नुन र चिनीले पनि उच्च रक्तचाप, मधुमेह र मुटुरोगको जोखिम बढाउँछ' उनी भन्छन्, 'अन्य बिस्कुट जस्तै कोदो बिस्कुटलाई पनि लामो समय टिकाउन प्रिजर्भेटिभहरू थपिन्छन् ।

यसमा उच्च सोडियम पनि हुन्छ ।' यदि मैदाको बिस्कुट र कोदोको बिस्कुटमा एउटा रोज्नु परे कोदोको बिस्कुटलाई रोज्न सकिन्छ । तर जति पोषक तत्त्व प्राकृतिक रुपमा बनेको कोदोको परिकारमा हुन्छ, बिस्कुटमा त्यति नहुने बानियाँ बताउँछन् । बिस्कुट मात्र हैन,

...बाँकी पृष्ठ ३ मा

## महेन्द्र माविको अभिभावक भेला

# व्यवस्थापन समिति सदस्यमा २६ जनाको उम्मेदवारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, पदमपोखरीस्थित महेन्द्र माध्यमिक विद्यालयको ५४ औं अभिभावक भेला आइतबार सम्पन्न भएको छ । भेलाबाट व्यवस्थापन समिति पुनर्गठनको प्रयास गर्दा २६ जना अभिभावकको उम्मेदवारी दर्ता गराएका छन् । २ जना महिला अभिभावक चयन गर्नुपर्नेमा १६ जनाको र २ जना खुलातर्फ १० जनाको उम्मेदवारी परेको विद्यालयका प्रधानाध्यापक विष्णु श्रेष्ठले जानकारी दिनुभएको छ ।

व्यवस्थापन समिति सदस्य बन्न उम्मेदवारी दर्ता गराउने सबै वास्तविक अभिभावक भए नभएको जाँच गरी सोमबार सहमतिको प्रयास गरिने प्रधानाध्यापक श्रेष्ठले बताउनुभएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शंकर बहादुर रोक्काको अध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठको प्रमुख आतिथ्यमा अभिभावक भेला समारोह भएको हो । कार्यक्रममा वडाअध्यक्ष पेम्बा लामा, वडा सदस्यहरु उत्तम गोम्जा र रञ्जु गोम्जा, पूर्वविद्यार्थी समाजका अध्यक्ष दिलबहादुर स्याङ्बोसहित स्थानीय विभिन्न संघ, संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

अभिभावक भेलाको अवसरमा कक्षागत उत्कृष्ट विद्यार्थी, नियमित विद्यालय उपस्थित हुने विद्यार्थीलाई पुरस्कृत गरिएको छ । यस्तै उत्कृष्ट नतीजा हासिल गर्न सहयोग गर्ने शिक्षक, कर्मचारी, विद्यालयलाई सहयोग गर्ने व्यक्ति, संघ, संस्थालाई सम्मान गरेको छ । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ९ सय ७९ जना विद्यार्थी अध्ययनरत छन् । अभिभावक भेलामा विद्यालयका प्रधानाध्यापक विष्णु श्रेष्ठले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

प्रधानाध्यापक श्रेष्ठले विद्यालयको भौतिक अवस्था राम्रो रहेको उल्लेख गर्नुहुँदै टाढाका विद्यार्थीलाई विद्यालय आउजाउ गर्न बस थप्नुपर्ने अवस्था रहेको बताउनुभयो । अहिले विद्यालयको एउटा बस सञ्चालनमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्न अभिभावकको भूमिका बढाउन पनि आवश्यक रहेको उहाँको भनाइ छ ।




## कोदो पोषक...

कोदोको पाउरोटी पनि आजभोलि बजारमा देख्न सकिन्छ । कोदोलाई प्रशोधन गरेर पाउरोटी बनाउँदा पनि त्यसमा भएको प्राकृतिक तत्व नष्ट भएर पोषक तत्व कम हुन्छ ।

### कोदोको मःम

आजभोलि कोदोको मःम पनि बजारमा पाइन्छ । २०७८ सालमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कोदोको मःमबारे अनुसन्धान गरेको थियो । मैदाको मःम भन्दा कोदोको मःम तुलनात्मक रुपमा फाइदाजनक भएको विभागको अनुसन्धानले देखाएको थियो ।

विभागकी वरिष्ठ खाद्य अनुसन्धान अधिकृत डा. हुमा कुमारी बोखिम भन्छिन्, 'कोदोबाट मात्रै मःम बनाउन मिल्दैन, मैदामा ३० प्रतिशत कोदो मिसाएर बनाउन सकिन्छ ।' बोखिमका अनुसार कोदोमा कार्बोहाइड्रेटको मात्रा कम हुने, फाइबर, मिनरल्स बढी पाइने र इनर्जी कम मात्रामा पाइने हुन्छ ।

शुद्ध मैदाको मःमको तुलनामा ५० प्रतिशत कोदो मिसाएको मःम शरीरले बिस्तारै पचाउने हुँदा र मैदाको तुलनामा कोदोको मःममा क्याल्सियम, मिनरल्स र फाइबर बढी पाइने भएकाले स्वास्थ्यका लागि राम्रो हुने कुरा विभागको अनुसन्धानले देखाएको छ ।

### कोदोको फाइदाबारे अनुसन्धान

इण्डियन इन्स्टिच्युट अफ मिलेट रिसर्च (आईआईएमआर), हैदरावाद, भारतको तथ्य पत्रअनुसार कोदोबाट धेरै लाभ लिन सकिन्छ । महामारीसम्बन्धी अध्ययनले के देखाएको छ भने कोदोको उपयोगले मुटुरोगको जोखिम कम हुन्छ, मधुमेहबाट जोगाउँछ । यसले पाचन प्रणालीमा सुधार ल्याउँछ, क्यान्सरको जोखिम कम गर्छ, शरीरको शुद्धीकरण गरी विषाक्तता हटाउँछ ।

श्वासप्रश्वाससम्बन्धी प्रतिरोधक क्षमता बढाउँछ, ऊर्जा स्तरमा वृद्धिसँगै मांसपेशी र नसासम्बन्धी प्रणालीमा सुधार ल्याउँछ । म्याग्नेसियम अत्यधिक हुने भएकाले यसले विशेष रुपले रक्तचाप कम गर्न, एथेरोस्केलेरोसिसमा मुटुको स्ट्रोकको जोखिमलाई न्यून गर्न सघाउँछ । यसले केही प्रकारका क्यान्सर र मुटुरोगबाट समेत जोगाउँछ ।

कोदोमा उच्च मात्रामा पाइने रेसाले कोलेस्ट्रोल कम गर्न समेत सघाउँछ । यसले एलडीएल कोलेस्ट्रोललाई कम गर्नुका साथै एचडीएल कोलेस्ट्रोलको प्रभावलाई बढाउँछ ।

यसमा भएका फाइबर, म्याग्नेसियम, भिटामिन-ई, फेनोलिक यौगिक र ट्यानिनले मधुमेहको खतरालाई कम गर्छ । जसले रगतमा ब्लड ग्लुकोज र इन्सुलिनको स्तरको एक्कासि वृद्धिलाई मन्द पार्छ ।

पाचनसम्बन्धी विकारमा समेत कोदो उपयोगी मानिएको छ । यसले गर्दा ग्यास्ट्रिक अल्सर र कोलोन क्यान्सरको सम्भावनामा समेत कमी आउँछ । यसमा भएको रेसाले कब्जियत तथा अत्यधिक ग्यासलाई दूर गर्छ । यो रेसाले गहुँ र मकैको आटा सेवन गर्नेहरूको दाँजोमा इसोफेजियल क्यान्सर हुने सम्भावनामा समेत कमी ल्याउँछ । कोदोको नियमित उपयोगले क्यान्सरको जोखिमलाई समेत कम गर्न सक्छ ।

हालै गरिएको अध्ययनले कोदोमा हुने रेसाले महिलामा स्तन क्यान्सरको सम्भावनालाई कम गर्छ । दिनहुँ ३० ग्राम रेसा उपयोग गरेर स्तन क्यान्सरको सम्भावना ५० प्रतिशतसम्म कम गर्न सकिन्छ । कोदोमा भएका उपयोगी तत्वहरूले विभिन्न क्यान्सरको जोखिम कम गर्छन् । *(स्रोतः अनलाईनखबर)*

**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.को**

**२४औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. को २४औं वार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा आदरणीय शेयर सदस्यज्यूलाई एस.एम.एस., सामाजिक सञ्जाल, एफएम रेडियोबाट जानकारी गराइसकेका छौं । यदि विशेष कारणवस सूचना प्राप्त नगर्नुभएको भए यसै सूचनालाई आधार मानी अनिवार्य उपस्थित भई दिनुहुन शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**तपसिल**
मितिः २०८१ असोज ३ गते (संविधान दिवस)
समयः बिहान १०:०० बजे
स्थान : रोयल प्यालेस, हेटौंडा-४ मेनरोड

**मिठाराम दाहाल**
अध्यक्ष एवम्
**नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर
०५७-५२४३५५, ५२४५७१, ५३०५७१

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## बाल अधिकार



मनस्वी पुडासैनी

आजका साना बालबालिका भोलिका नायक
हुँदैन खोस्न बालकबाट अधिकार हक
हेला र घृणा शोषणबाट भएर ती पर
शिक्षा र ज्ञान लिन पाउनु पर्दछ अपार ॥

स–साना नानी, स्कुल ज्ञानी, तुइनको भर
पातलो डोरी तल छ खोली मनभरी डर
सहजसँग पढ्ने तिनको अधिकार हैन र
संविधानमा शिक्षाको हक लिखत छैन र ?

कलकारखाना उद्योग हेरु बाल नै खटेको
कापी कलम लिने ती हात काममा रहेका
खोज्दैछन् कति, बालक गाँस, फोहोर थुप्रोमा
न त पढ्नु छ, न त लेख्नु छ बास सडकमा ॥

बालक सबै चाहाने बाँच्न स्वतन्त्र भएर
बस्दैछन् कति, बाध्यले तर अन्याय सहेर
माझेर भाँडा त्यो होटलको जीवन गुजार्दै
म जस्तै साना, ती बालकका हक र न्याय खै ?

नियम रित, सीमित भयो मात्र ती पानामा
कलिला मुना, हेर त आज जटिल काममा
हेपिन्छन् कति, बेचिन्छन् कति दुष्टको शिकार
हे सरकार ! बाल शोषण अब अन्त्य गर ॥

*कक्षा-६*

## मानिस हराएको दिन

### पुस्तक समीक्षा



आश्रिका न्यौपाने

**पृष्ठभूमिः** 'मानिस हराएको दिन' आमोद दाहालद्वारा लिखित एक गहिरो र विचारोत्तेजक उपन्यास हो । सन् २०२२ जुन महिनामा यो पुस्तक बुकहिल पब्लिकेसनद्वारा प्रकाशित भएको हो । यो उपन्यास नेपाली भाषामा लेखिएको र यसले मनोवैज्ञानिक र अस्तित्ववादी विषयलाई केन्द्रमा राखेको पाइन्छ ।

उपन्यासको कथा एक व्यक्तिको जीवनमा आउने मानसिक भावनात्मक र अस्तित्वको संकटलाई चित्रण गर्दछ । मुख्य पात्र जो आधुनिक समाजको दबाव र व्यक्तिगत पहिचानको अभावमा हराइरहेको महसुस गर्छ । उसको आन्तरिक यात्रा र समाजसँगको द्वन्द्वलाई लेखकले कुशलतापूर्वक यस उपन्यासमा उतारेका छन् ।

कथा सारः दाहालको लेखन शैली गहिरो र प्रतिकात्मक छ जसले नेपाली पाठकलाई आत्मीयताको अनुभूत गराउँछ । उनले प्रतिकात्मकतालाई र रूपकहरूको प्रयोग गरी समाजमा व्याप्त संकट र व्यक्तिगत संघर्षलाई यस उपन्यासको कथावस्तुमा उनेका छन् । 'मानिस हराएको दिन' एक यस्तो उपन्यास हो, जसले केवल त्यस व्यक्तिगतस्तरमा मात्र होइन सामाजिक तहमा पनि चुनौति दिएको छ । यो उपन्यासले मानिसको आफ्नो पहिचान खोज्न समाजसँग गर्नुपरेको द्वन्द्वलाई र विभिन्न समस्यालाई यसले आफ्नो विषय बनाएको छ । अन्ततः जीवनको वास्तविक अर्थ पत्ता लगाउनका लागि गरेको संघर्षलाई यसले मुख्य भूमिका बनाएको छ ।

एकदिन बेसरी हावाहुरी चलिरहेको थियो । त्यो दिन आकाश कालो र धमिलो थियो । त्यो दिन पक्कै पनि अरु दिनजस्तो रमाइलो थिएन । सबै विद्यार्थीहरु समयभन्दा अगावै घर फर्किसकेका थिए । उनीहरु जस्तै अरु मानिसहरु पनि छिटो-छिटो घर फर्कंदै थिए । उनीहरु हत्तारिएर, आत्तिएर घरमा छिर्न थाले । हावाको चिसो सिरेटो पनि चलिरहेको थियो । बाटामा फालिएका प्लास्टिक र अन्य फोहोरहरू मडारिएर उडिरहेका थिए । यो आँधीमय वातावरणमा ध्रुवे नाम गरेको एउटा बाच्छो भने रमाइरहेको थियो । उसलाई त्यो दृश्य निकै रमाइलो लाग्दै थियो । हावाका भागले उडाएर ल्याएको कसिङ्गरको सानो छेसको उसको आँखामा गडेपछि ऊ आतियो । ऊ त्यहाँबाट उठेर एउटा चौतारा पुग्यो । केही छिनपछि ठूलो पानी पर्न थाल्यो । ऊ रातभरि पानीमा भिजेर बाहिर सडकमा नै उभिरह्यो । बिहानपख ऊ घाँस चर्न थाल्यो उसले त्यस बिहान कोही मानिस पनि देखेन र चिसो भएकाले ध्रुवे बाछो सडकको साँघुरो गल्ली हुँदै अगाडि बढ्यो ।

उसले बाटोमा कुकुरहरू लम्पसार परिरहेको देख्यो जुन कुकुर मानिस आउने आशामा र मानिसले केही खान दिने आशामा बसिरहेका थिए । हिँड्दै गर्दा ध्रुवे बाछोले बाटामा हिजो अस्तिकै फोहोर देख्यो यसरी अघि बढ्दै जाँदा ध्रुवले मानिस नभएको घरको गोठमा गाईवस्तु बाँधिरहेको देख्यो र उसले गाईवस्तुलाई उद्दार गर्नुपर्ने कर्तव्य सम्झियो । र अझै अगाडि बढ्दै ध्रुवे एउटा मन्दिरको छेवैमा पुग्यो । त्यसदिन मन्दिर सुनसान थियो । जहाँ कोही भक्तहरु पनि उपस्थित थिएनन् । परेवाहरू पनि मानिस आएर चारो हालिदेलान् भन्ने आशाले बसेको पाइन्थ्यो ।

**मुख्य सन्देशः** यसरी ध्रुवे बाछो मुख्य पात्र भएको यस उपन्यासमा मानवीय पात्रहरू नभएर पशुपन्छी पात्रहरू प्रयोग भएका छन् । यस उपन्यासले मानिस हुँदाको समाज र मानिस नहुँदाको समाजको अवस्थालाई चित्रण गरिएको छ । मानिस हुँदाको समाज फोहोर होहल्लामय प्रदूषित र वातावरणको दोहन भइरहेको अवस्थालाई देखाइएको छ । मानिस नभएको समाज शान्त स्वच्छ र सफा वातावरण साथसाथै प्रकृतिको पनि संरक्षण भएको देखाइएको छ । तर मानिसको आड भरोसामा बाँचेका कयौं जीवजन्तुलाई भने मानिस नहुँदाको अभाव प्रत्यक्ष पर्न गएको छ । यसरी समाजमा मानिसको उपस्थिति जरुरी हुने तर मानिसले गर्ने वातावरणीय क्रियाकलापमा भने ध्यान दिनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ ।

**पुस्तक परिचयः** यो पुस्तकको आकार वर्गाकार रहेको छ । यो पुस्तकको बाहिरी गातामा रङ्गीन घरहरू सुनसान बाटो मानिसविहीन समाज देखाइएको छ । यो किताब पढ्नलाई मलाई तीन घण्टा लाग्यो यस किताबमा लेखिएका भाषा र शब्दहरू पढ्न सजिलो खालका छन् । हरेक शब्दले सोझो अर्थ बताएको छ । यो पुस्तक जनावरहरू पात्रको रुपमा प्रयोग भएको पुस्तक हो ।

**पाठकीय प्रतिक्रियाः** मलाई यो पुस्तक साह्रै मनपऱ्यो । किनभने यस पुस्तकले हामी मानिसहरुले आफ्नो बानी र व्यवहारलाई बेलैमा सुधार्नुपर्छ । यो समाज हाम्रो मात्र नभएर हामीसँगै रमाएर बस्ने पशुपन्छीको बासस्थान पनि हो । पशुपन्छीको बासस्थान जोगाइदिनु मानिसको कर्तव्य हो । पशुपन्छी र मानिस एकअर्काका सम्बन्धमा बाँचेका हुन्छन् भन्ने कुरा मैले यो पुस्तकबाट थाहा पाए त्यसैले यो पुस्तक पढ्न रुचि राख्नुहुने सबै साथीहरुलाई पढ्न सुझाव दिन्छु ।

*कक्षा-८*

## बालबालिका



रितिका कठायत

बालबालिकालाई सुरक्षित राख
साथै उनीहरुलाई खुसी बनाई राख
अब बालश्रम हामी मिलेर हटाए
बालश्रम दिने मानिसलाई दिऊ सजाए ॥

हामी सानै छौँ बढ्न देऊ
बालबिवाह होइन पढ्न देऊ
हामी बालबालिकाको सपना पूरा गर्दैयौ
र बालश्रम भन्ने शब्द संसारमा हटाइदेऊ ॥

बालबालिकाहरुलाई शिक्षा प्रदान गर
केटाकेटी भनेर भेदभाव नगर
हामी भनेको भगवानको रुप हो
अठार वर्ष नपुगे सम्म हामी बालबालिका हो ॥

हामी सबै आमाबुवाको अगाडि गौरव
हामी सबै मिलीजुली बसौं अब ॥
समाजबाट सामाजिक समस्या हठाऊ
अब सबैको घर खुसीयालीले सजाऊ ॥

*कक्षा-७*

## राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता

# नवजनजागृतिलाई हराउँदै पूर्वेली फाइनलमा प्रवेश




*फाइनल प्रवेश गरेको पूर्वेली भेट्रान्स टिम ।*

समाज संवाददाता

हेटौंडा: झापाको पूर्वेली भेट्रान्स क्लब हेटौंडामा जारी तेस्रो संस्करणको राष्ट्रिय रोटरी मकवानपुर पिप्ले क्याम्पा रंगशाला भेट्रान्स फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । आइतबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको सेमीफाइनलम खेलमा जीतपुर-सिमरा उपमहानगरपालिकाको नवजनजागृति भेट्रान्स सिमरालाई १-० गोलले हराउँदै झापाको पूर्वेली भेट्रान्स फाइनलमा प्रवेश गरेको हो ।

रमेश गुरुङ्गको निर्णायक गोलमा पूर्वेली भेट्रान्स प्रतियोगिताको फाइनलमा प्रवेश गर्न सफल भएको हो । म्यान अफ द म्याच निर्णायक गोलकर्ता गुरुङ्ग घोषित भएका छन् । दोस्रो सेमीफाइनल खेल सोमबार हुनेछ । दोस्रो सेमीफाइनलमा काठमाडौंको फ्रिडम फाइटर भेट्रान्स र सर्लाहीको हरिवन भेट्रान्सबीच हुनेछ । प्रतियोगिताको फाइनल खेल मंगलबार हुनेछ । वर्षाका कारण खेल प्रभावित भएका कारण फाइनल खेल एक दिन पछि सरेको हो । यसअघि आयोजकले सोमबार फाइनल खेल खेलाउने तालिका सार्वजनिक गरेको थियो ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख दुई हजार दुई सय २२ रुपैयाँ र उपविजेता टिमले एक लाख एक हजार एक सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वोकृष्ट प्रशिक्षकले १० हजार रुपैयाँ, सर्वोकृष्ट खेलाडीले ५ हजार रुपैयाँ, सर्वोकृष्ट गोलरक्षक, डिफेन्स, मिडफिल्डर र फरवार्डले ५-५ हजार रुपैयाँ नगद राशि प्राप्त गर्नेछन् ।

# म्यानेजमेन्टमा बास्केटबल प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एन्ड सोसियल साइन्सेसको आयोजनामा बास्केटबल प्रतियोगिता सुरु भएको छ। आइतबार म्यानेजमेन्टको आफ्नै बास्केटबल कोर्टमा प्रतियोगिता सुरु भएको हो।

म्यानेजमेन्टका सहायक प्रिन्सिपल रामपण्डित खनालको अध्यक्षता तथा म्यानेजमेन्टको कक्षा ११ र १२ को व्यवस्थापन समितिका अध्यक्ष ऋषिराम पोखरेलको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन कार्यक्रम भएको हो। कार्यक्रममा म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीको पनि आतिथ्य रहेको थियो। आइतबार दुई खेल सम्पन्न भएको छ। पहिलो खेलमा बीसीएले होटल म्यानेजमेन्टलाई ४०-१९ को फराकिलो स्कोरमा पराजित गरेको छ । यस्तै दोस्रो खेलमा बीआईएमले कक्षा-११ व्यवस्थापन संकायलाई ५३-२६ अंकको फराकिलो अन्तरले पराजित गरेको छ ।

गत वर्ष पनि म्यानेजमेन्टले बास्केटबल प्रतियोगिता आयोजना गरेको थियो । उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै सहायक प्रिन्सिपल रामपण्डित खनालले म्यानेजमेन्टले नियमित पठनपाठनका साथसाथै विद्यार्थीलाई खेल क्षेत्रमा पनि सक्रिय रहने अवसर प्रदान गरेको बताउनुभयो। म्यानेजमेन्टले क्रिकेट, बास्केटबलको नियमित प्रशिक्षण गराउँदै प्रतियोगिता समेत आयोजना गर्दै गर्दा खेल क्षेत्रमा सहभागिताको अवसरकै कारण म्यानेजमेन्टलाई रोज्ने क्रम सुरु भएको बताउनुभयो । यस वर्ष प्रतियोगितामा ६ वटा पुरुष र २ वटा महिला गरी ८ वटा टिमको सहभागिता रहेको छ। प्रतियोगिताको फाइनल खेल बुधबार हुनेछ । प्रतियोगिताको विजेताले ७ हजार रुपैयाँ र उपविजेताले ५ हजार रुपैयाँसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।

# हातेमालो सहकारीको साधारणसभा सम्पन्न

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२, संगमचोकस्थित हातेमालो बचत तथा ऋण सहकारी संस्थाको १८ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। शनिबार सहकारी संस्थाको साधारणसभा सम्पन्न भएको हो।

सहकारी संस्थाका अध्यक्ष हरिप्रसाद पौडेलको सभाध्यक्षता तथा बागमती प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष नारायणप्रसाद देवकोटाको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । साधारणसभामा सहकारीले चालु आर्थिक वर्ष २०८१/८२ मा करिब ७५ करोड ६० लाख रुपैयाँको कारोबार गर्ने लक्ष्य लिएको संस्थाका व्यवस्थापक र मलाकुमारी सापकोटाले जानकारी दिनुभएको छ। सहकारीमा ५३ करोड २५ लाख बचत र चार करोड ५ लाख रुपैयाँ जगेडा कोष रहेको उहाँले बताउनुभयो । साधारणसभामा गत आर्थिक वर्ष २०८०/०८१ सम्मको कूल निक्षेप ६८ करोड ५५ लाख ९४ हजार रुपैयाँ रहेको र ६ करोड ४२ लाख शेयरपुँजी रहेको सहकारीले आफ्ना सदस्यहरुलाई ५२ करोड ८८ लाख रुपैयाँ कर्जा लगानी गरेको उहाँले बताउनुभयो।

साधारणसभामा संस्थाका सचिव सीताराम दहालले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष दीपक दहालले आर्थिक गतिविधि र आगामी प्रस्तावित आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। लेखा समिति संयोजक नारायण रेग्मीले आन्तरिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। सभामा विभिन्न विधामा सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष मीनाकुमारी चौरेल, हेटौंडा उपमहानगरपालिकाको उद्योग, पर्यटन तथा सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेलको पनि उपस्थिति रहेको थियो।

# महालक्ष्मी साहित्य पुरस्कार मुना अर्याललाई

समाज संवाददाता

हेटौँडाः ५१ हजार राशीको महालक्ष्मी साहित्य पुरस्कार यस वर्ष मकवानपुरे महाकाव्यकार मुना अर्याललाई प्रदान गरिने भएको छ । महालक्ष्मी विकास बैंक लिमिटेडसँगको सहकार्यमा मातृभूमि साहित्य समाज मकवानपुरले प्रदान गर्दै आएको महालक्ष्मी साहित्य पुरस्कार, २०८० बाट अर्याल पुरस्कृत हुने आईतबार हेटौँडामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

आगामी असोज ५ गते शनिबार विशेष कार्यक्रमका बीच अर्याललाई नगद ५१ हजार रुपैयाँसहित एक्काइसौं महालक्ष्मी साहित्य पुरस्कार प्रदान गर्न लागिएको हो । मातृभूमिले यो पुरस्कार हालसम्म २० जनालाई प्रदान गरिसकेको छ। यस्तै, मकवानपुर श्री सम्मान मकवानपुरका अग्रज शिक्षासेवी बद्रिनाथ शर्मा अर्याललाई प्रदान गर्ने निर्णय भएको मातृभूमि साहित्य समाजका अध्यक्ष कृष्णप्रसाद दाहालले जानकारी दिनुभयो ।

यसैगरी केशवलाल स्मृति मातृभूमि पत्रकारिता पुरस्कार २०८० हेटौँडा सन्देश दैनिक पत्रिकाका सम्पादक माधव न्यौपानेलाई प्रदान गरिने भएको छ। दश हजार रुपैयाँ राशीको उक्त पुरस्कार समाजसेवी ईश्वर मैनालीले आफ्ना पिताको सम्झनामा स्थापना गर्नुभएको हो । २०५६ सालमा स्थापना भएको मातृभूमि साहित्य समाजले २०५९ सालदेखि नेपाली भाषा, साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने साहित्यसेवीलाई प्रत्येक वर्ष पुरस्कृत गर्दै आएको छ ।

# चट्याङ लागेर जयबहादुर घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिका-२, राईगाउँमा शनिबार दिउँसो २ बजेको समयमा चट्याङ लागेर एकजना घाइते भएका छन् । चट्याङ लागेर ५९ वर्षीय जय बहादुर राई घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

घर नजिकै चौरमा राँगा-भैंसी चराएर बसेका जयबहादुरलाई चट्याङ लाग्दा बाँया छातीदेखि तिघ्रासम्म जलेर घाइते भएका छन् । जयबहादुर राईलाई हेटौँडास्थित चुरेहिल हस्पिटलमा उपचारका लागि ल्याइएको थियो । जयबहादुरलाई शुक्रबार साँझ साढे ८ बजेको समयमा थप उपचारका लागि काठमाडौँस्थित कीर्तिपुर जलन अस्पतालमा पठाइएको प्रहरीले जानकारी दिएको छ ।

## मकवानपुर जिल्ला लिग

# सक्षम युवा र इन्टरनेट सिटी विजयी

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिताअन्तर्गत आइतबारको खेलमा सक्षम युवा क्लब र इन्टरनेट सिटी विजयी भएको छ । हेटौंडा-११ स्थित सिमलटार मैदानमा भएको खेलमा परेली युवा क्लबलाई २-१ गोल अन्तरले हराउँदै सक्षम युवा क्लब विजयी भएको हो भने महाबीर क्लबलाई २-० गोल अन्तरले हराउँदै इन्टरनेट सिटी विजयी भएको छ ।

यस्तै, सिमलटारमै हेटौंडा फुटबल एकेडेमी र पिप्ले युवा क्लबबीचको दोस्रो खेल वर्षाका कारण स्थगित भएको छ । यता, हेटौंडा भेट्रान्स र विजयी युथ क्लबबिचको खेल २-२ गोलको बराबरीमा रोकिएको छ। सक्षमबाट सविन गिरीले २ गोल गरेका हुन् भने परेलीका लागि रोहित मोक्तानले १ गोल गरेका हुन्। प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।


Admission Open !!!

+2

Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)



BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।

(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)

हेटौंडा- सिटि कलेज (जेनिथ मावि)

हेटौंडा-५, पिप्ले


## श्री बागमती माध्यमिक विद्यालय

बागमती गाउँपालिका-२ राईगाउँ, मकवानपुर

### शिक्षक आवश्यकता

*(प्रथम पटक प्रकाशित मिति : २०८१/०५/३०)*

यस विद्यालयमा रिक्त रहेको निमावि तह अंग्रेजी विषयको एक जना अस्थायी करार शिक्षक पदपूर्ति गर्न बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय झुरझुरेको मिति २०८१/०५/३० को च नम्बर ३७९ को अनुमतिपत्र र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल**

**विज्ञापन नं. : ०१-२०८१/२०८२**

तह : निमावि (अंग्रेजी शिक्षक)
शैक्षिक योग्यता : 'प्रविणता प्रमाणपत्र तह वा सोसरहत उत्तीर्ण । (सो भन्दा माथिको शैक्षिक योग्यता भएकालाई विशेष ग्राह्यता)
तलब सुबिधा : नेपाल सरकारले तोकेबमोजिम
दरखास्त दस्तुर : रु १,५००।- (अक्षरुपी एक हजार पाँच सय)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
दरखास्त दिने अन्तिम मिति : २०८१/०६/१४ गते दिउँसो ४:०० बजेसम्म ।
सम्पर्क मिति : २०८१/०६/१४ गते दिउँसो ४:०० बजेसम्म ।
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईनेछ ।
दरखास्त दिने स्थान : श्री बागमती मावि, बागमती-२, राईगाउँ

**आवश्यक कागजातहरू :**

१) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
२) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३) बायोडाटा, अनुभव भए सो समेतको प्रतिलिपि ।
४) अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।
५) सम्पूर्ण कागजातहरु २/२ प्रति ।
६) हस्तलिखित निवेदन

**नोटः-** करार सूचीमा रहेका उम्मेदवारहरुले ७ (सात) दिन भित्र योग्यताक्रम अनुसार परीक्षा समितिले नियुक्ती दिनेछ ।
निवेदनः- इमेलबाट पनि सबै कागजात साथै परीक्षा दस्तुर रकम दाखिला गरेको बैंक भौचरसहित स्क्यान गरी पठाउन सक्नेछ ।
बैंक खाता नं. ०६२०१००१०००००८८ (सानिमा बैंक)
सम्पर्क (९८४४३२०९१० प्रअ), (९८४०३६५७२५ अध्यक्ष) (९८५४५७२२१७६ लेखापाल)
इमेलः bagamati2032@gmail.com

**प्रधानाध्यापक**


# हार्दिक आभार




**प्रतिफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति २०८१ साल भदौ २९ गते **११औं वार्षिक साधारणसभा** सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सेयर सदस्यज्यूहरु, कार्यसमितिका साथीहरु, विभिन्न उपसमितिमा रहनुभएका साथीहरु, कर्मचारी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । सहकार्यमा अनुशासित भएर सदस्यको हितमा काम गर्ने सहकारी संस्थाको रुपमा प्रतिफललाई निरन्तर अगाडि बढाउन सम्पूर्णमा विनम्र आग्रह समेत गर्दछु ।

**दिलिश गोविन्द जोशी**
**अध्यक्ष, प्रतिफल बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, मनकामनाचोक**

# हार्दिक आभार



**मकवानपुर कस्मेटिक व्यवसायी संघ**को मिति २०८१ साल भदौ २९ गते सम्पन्न **दोस्रो वार्षिक साधारणसभा** तथा प्रथम अधिवेशनबाट मलाई सर्वसम्मत अध्यक्षसहित जिल्ला समिति चयन गर्नुभएकोमा सम्पूर्ण प्रतिनिधि व्यवसायीहरु, सहयोगी, शुभेच्छुकप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**राजदेव बनियाँ, अध्यक्ष**
**मकवानपुर कस्मेटिक व्यवसायी संघ**
**हेटौंडा, मकवानपुर**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ